**आ.व. ०७३/०७४ को लागि नीतिगत निर्णयहरु**

**निर्णय नं. १**

राष्ट्रिय भवन निर्माण संहिता २०६० र भवन निर्माण सम्बन्धि मापदण्ड २०७२ वमोजिमको मापदण्ड अनुसारको घर तथा भवनहरु निर्माण गरिने छ। कृषी क्षेत्रमा टाउन प्लानको लागि स्वीकृती नदिने। र जथाभावी सडकको ट्र्याक खोल्ननदिने निर्णय गरियो।

**निर्णय नं. २**

नेपाल अविनाश सामाजिक सेवाको समन्वयमा नमुना कार्यक्रमको रुपमा सड्ने र नसड्ने फोहर छुट्याउन ५०/५० प्रतिशत लागत सहभागितामा ( निजी क्षेत्रको सहयोगमा ) वाल्टिन प्रयोगमा ल्याउने निर्णय गरियो। साथै सड्ने फोहरवाट कम्पोष्ट मल वनाई प्रयोगमा ल्याउने निर्णय गरियो।

**निर्णय नं. ३**

देवदह भित्रका सामूदायिक वन र वन संजालको ७ हेक्टर क्षेत्रफलमा १०००० संख्यामा वृक्षारोपण गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

देहायका आयोजना तथा कार्यक्रमहरुलाई देवदह गौरवको आयोजनाको रुपमा घोषणा गर्ने निर्णय गरियो।

**तपशिल**

- पाकडी बृक्ष संरक्षण आयोजना।
- बैरीमाई कन्यामाई संरक्षण तथा विकास आयोजना।
- मायादेवी चक्रपथ निर्माण आयोजना
- महामानव गौतम वुद्धको मावली स्थल भवानीपुरमा नेपाल सरकार, पुरातत्व विभाग र लुम्विनी क्षेत्र विकास कोषको सहकार्यमा THE GOLDEN TEMPLE OF LOVING BUDDHA निर्माण आयोजना
- तात्कालीन कोलिया राज्यको राजधानी देवदह लाई नेपाल सरकार, पुरातत्व विभाग र लुम्विनी क्षेत्र विकास कोषको सहकार्यमा वगैचा सहितको सुन्दर दहयशोधरा पार्क निर्माण आयोजना
- नगरपालिकाको वडा कार्यालय सित्तलनगरको जग्गामा पर्यटन संग्रालय र सूचना केन्द्र, कोसेलीघर सहितको वहु उद्देश्यीयभवन निर्माण आयोजना।

**निर्णय नं. ५**

नगरपालिकाको मुख्य सडक र आसपासको सडक वत्तीको व्यवस्थाको लागि उद्योग वाणिज्य संघ / संगठन र टोल सुधार समिति मार्फत सहकार्य गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

नगरपालिकाका वस्तिहरुको भूगोल, भौतिक संरचना, जनघनत्व र जातजातीहरुको वसोवासको आधारमा न्यूनतम ५० देखि १०० घरधूरीहरुलाई समेटी टोल सुधार समिति गठन गर्ने निर्णय गरियो। टोल सुधार समितिको निर्माण तथा संचालन कार्यविधी देहाय अनुरुप हुने निर्णय गरियो।

**टोल सुधार समितिको संरचना र कार्यविधि**

१. ७ देखि ११ जनाको कार्य समिति हुनेछ।

२. अध्यक्ष , सचिव र कोषध्यक्ष मध्ये एक जना अनिवार्य महिला हुनु पर्नेछ।

३. कार्य समितिमा अनिवार्य ३३ प्रतिशत महिला हुनु पर्नेछ।

४. समितिको बैठक हरेक महिनाको १ पटक अनिवार्य र आवश्यकता अनुसार बस्न सक्नेछ। ५० प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुग्नेछ। समितिले आवस्यकता अनुसार वडा सचिब र अन्य विषयगत अतिथि लाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. समितिले बैक खाता संचालन गर्न पाउनेछ। अध्यक्ष , सचिव र कोषध्यक्ष को संयुक्त नाममा खाता संचालन गर्नु पर्नेछ ।

६. समितिले सामुदायिक कियाकलाप संचालन गरि आय आर्जन गर्न सक्नेछ ।

७.समितिले बर्षको १ पटक सार्बजनिक लेखा परिक्षण गरि खर्च को सार्वजनिक परिक्षण गराउनु पर्नेछ र त्यसको प्रतिलिपि नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. टोल सुधार समिति हरु नगरपालिकामा दर्ता गर्नु पर्नेछ। दर्ता गर्दा कुनै शुल्क लाग्ने छैन ।

९. सामाजिक गतिविधिमा राजनैतिक दल, संघ, संस्था, क्लव, स्वयंसेविका, आमासमूह संग एक घर एक विरुवा, एक करेसावारी अवधारणा विकास गराउन समन्वय गर्ने ।

**<u>टोल सुधार समितिका कार्यहरु :–</u>**

१. नगर भित्रका सार्वजनिक, पुरातात्विक, सास्कृतिक,ऐतिहासिक सम्पती तथा सम्पदाहरुको संरक्षण तथा पर्वद्धन गर्नु पर्ने ,

२. हरेक हप्ताको शनिवार विहान ६:३० देखि ७:३० सम्म सवै सदस्यहरु टोल तथा वस्तीको सरसफाईमा जुटाउनु पर्ने ,

३. नेपाल सरकार र नगरपालिकावाट संचालन हुने कार्यक्रम तथा आयोजनाहरुमा जन सहभागिता जुटाउने तथा कार्यक्रम तथा आयोजना संचालनमा गुणस्तरीय र पारदर्शिता गर्ने गराउने ,

४. व्यक्तिगत घटना दर्ता समयमै गर्न सु-सूचित गर्ने ,

५. समाजमा रहेका कुरिति बिरुद्ध अभियान संचालन गर्ने ,

६. लागुपदार्थ बिरुद्ध चेतना बृद्धि गर्दै सचेत गराउने र दिवा मदिरा निषेदित कार्यकम , सार्वजनिक स्थानमा सुर्तिजन्य पदार्थ प्रयोग मा रोक जस्ता अभियान संचालन गर्ने ,

७. एक टोल एक पहिचान कायम गर्नुपर्ने ,

८. टोलका साना तिना झै झगडा समाधान गरी शान्तिपूर्ण वातावरण कायम गर्ने ।

**निर्णय नं. ७**

नगरपालिकाको समग्र विकासको लागि गुरु योजना निर्माण गर्न सङघिय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगरपालिकाको सम्पुर्ण सार्वजनिक जमिन तथा सम्पतीको लगत तयार गरी संरक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

देवदह लाई आन्तरीक तथा बाह्य पर्यटक भित्राउन घरबास पर्यटन कार्याक्रम होमस्टे (HOMESTAY) संचालन गर्न वडा नं. ७ को सरनटाडीको मगर वस्तीलाई छनौट गरी पूर्वधार निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

पर्यटकीय स्थल माथागढी विकास गर्न देवदह नगरपालिका र पाल्पाको गोठादी गा.वि.स. साथै पाल्पा जि.वि.स. सँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

नगर शिक्षा समिति मार्फत वौद्ध दर्शन, स्थानीय पुरातात्विक, सम्पदा, संस्कृती र अनुशासन सम्वन्धी स्थानीय पाठ्यक्रम तय गरी कक्षा ६ र ७ मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

महा मानव गौतम वुद्धको मावली स्थल देवदह नगरपालिका आध्यात्मीक तथा सास्कृतीक नगर भएकोले वौद्ध धार्मिक सम्प्रदाय सँग सामिप्यता कायम गरी असल वन्धुत्व कायम गर्दै पर्यटन पर्वद्धन गर्न मित्र राष्ट्र

जपानको स्थानीय निकाय सँग भगिनी सम्वन्ध कायम गर्न नेपाल सरकार र नेपाल स्थीत जापानी राजदुतावास सँग अनुरोध गर्ने निर्णय गरियो ।

**निणर्य नं. १३**

देवदह क्षेत्रको आध्यात्मीक तथा पर्यटकिय विकासको लागि अधिकार सहित देवदह विकास कोष स्थापनाको लागि नेपाल सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

नगरपालिको को  पुरातात्वीक क्षेत्र भवानीपुर, वैरी माई, कन्यामाई, खयरडाडा, देवदह क्षेत्रलाई उत्खनन तथा संरक्षण गर्न वजेट तथा कार्यक्रमको व्यवस्था गर्न पुरातत्व विभाग र लुम्विनी क्षेत्र विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

एक नगर एक उत्पादनको अवधारणा अनुरुप यस नगरपालिका भित्र दुग्ध उत्पादनको प्रयाप्त संभावना रहेकोले दुग्ध उत्पादनलाई पहिचानको रुपमा वजारीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

नगरपालिकाको विकास निर्माणमा प्रयोग हुने विभिन्न तपशिल वमोजिमको निर्माण सामाग्रीको ल्याव टेस्ट गर्नुपर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

- वाटो कालो पत्रे गर्दा माटो, वालुवा, गिट्टी तथा अलकत्रा को अनिवार्य ल्याव टेस्ट गर्नु पर्ने ।
- निर्माणमा प्रयोग हुने कुनै पनि सिमेन्टको ल्याव टेस्ट अनिवार्य हुनु पर्ने ।

**निर्णय नं. १७**

सेवाग्राहीहरुलाई सम्मानका साथ सेवा दिन सेवाग्राही प्रति खुल्ला हृदयले सेवा दिने प्रणाली Smilling Service लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

बोर्ड बैठकका निर्णयहरु र आय व्यय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

चालु आ.व.०७३।०७४ को बजेट, नीति तथा कार्यक्रममा बजेट अनुरुप संशोधन गर्न न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णंय गरियो ।

**निर्णय नं. २०**

नगर क्षेत्र भित्र रहेको ऐलानी, पर्ति, सार्वजनिक र यस न.पा.को स्वामित्वमा रहेको जग्गाको तारवार, नक्शांकन, संरक्षण र सम्बर्द्धन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

उपभोक्ता मार्फत आयोजना संचालन गर्दा मूल्यांकन विलको आधारमा भुक्तानी दिने प्रणाली लागु गरी पेश्की शुन्य प्रणाली लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

''पर्यटन, कृषि र पूर्वाधार, समृद्धदेवदहको मुल आधार" भन्ने विकास नारालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुलाई कार्यस्थलमा स्वीकृत ढाँचामा नगरपालिकाको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेर मात्र अन्तिम भुक्तानी दिने व्यवस्थालाई अनिवार्य वनाउने निर्णय गरियो ।

**निर्णय नं.२४**

यस नगरपालिकाद्धारा विभिन्न वडाहरुमा संचालन हूने विकास निर्माण आयोजनाहरुको बोलपत्र मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री प्रमुख एवं कार्यकारी अधिकृत
सदस्य श्री प्रशासकिय अधिकृत
सदस्य श्री इन्जिनियर
सदस्य श्री लेखापाल

**निर्णय नं.२५**

आ.व.०७१/७२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियूक्तिका लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६**

यस नगरपालिकाद्धारा विभिन्न वडाहरुमा संचालन भई सम्पन्न हूने सम्पुर्ण विकास निर्माण आयोजनाहरुको गूणस्तर मापन एवं प्रभाव मुल्यांकन गर्दै यस सम्बन्धमा भावी नीति तर्जुमा गर्ने कार्यमा सहयोग समेत पुऱ्याउने उद्देश्यले निम्नानूसारको योजना, जांचपास तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री प्रमुख एवं कार्यकारी अधिकृत
सदस्य श्री प्रशासकिय अधिकृत
सदस्य श्री इन्जिनियर
सदस्य श्री लेखापाल
सदस्य सचिव श्री ना.सु., योजना

**निर्णय नं.२७**

प्रत्येक योजनाबाट २ प्रतिशत रकम मर्मत सम्भार कोष र ३ प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

नेपाल सरकारले निर्दिष्ट गरेको लक्षित वर्ग अन्तर्गतका योजनाहरु वाहेक अन्य योजनाहरुमा कम्तिमा २५ प्रतिशत लागत सहभागिता/जनसहभागिता जूटाउने गरी आयोजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९**

नगरपालिकाको सिमा क्षेत्र भित्र रहेका सम्पुर्ण व्यक्तिगत एवं सार्वजनिक जग्गाको पून:नापी गरी नयां नाप नक्शा तयार गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयम मार्फत सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

नगरपालिका बोर्ड बैठकले निर्णय गरेका देहायका सडकहरुको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

| सि. नं | सडकको नाम | प्रस्तावित मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | पुर्व पश्चिम राजमार्ग | राष्ट्रिय सडक मापडण्ड अनुसार | |
| २ | फिडर रोड | दुवै तर्फ १५।१५ मिटर | |
| ३ | चक्रपथ | दुबै तर्फ २०।२० फुट | |
| ४ | नगरपालिका शाखा मार्ग | दुबै तर्फ १०।१० फुट | |
| ५ | खैरेनी धकधई मार्ग | दुवै तर्फ १२.५।१२.५ मिटर | |
| ६ | खैरेनी गोठादी सडक मार्ग | दुवै तर्फ १५।१५ मिटर | |
| ७ | सित्तलनगर मणिग्राम सडक | दुवै तर्फ १५।१५ मिटर | |
| ८ | वनकित्ता टटेरा सडक | दुवै तर्फ ८.५।८.५ मिटर | |
| ९ | अन्य सडक न्यूनतम | दुबै तर्फ १०।१० फुट | |

**निर्णय नं. ३१**

बुटवल उप-महानगरपालिका सिमाना देखि सुनवल नगरपालिका सिमाना सम्मलाई सफा सडकको रुपमा विकास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

नगरस्तरीय सडक गुरुयोजना अनुरुप सडकहरुको नामाकरण र न्यूनतम मापदण्ड सहितको सूचना बोर्ड राख्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

प्रत्येक वर्ष एक सडकलाई नमूना सडकको रुपमा विकास गर्ने नीति अनुरुप राजमार्ग सँग जोडिएको वन चौकी विशालनगर सडकलाई कालोपत्रे, वृक्षारोपण, नियमित सरसफाई, मर्मतसम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

सम्बन्धीत क्षेत्रका टोल सुधार समितिहरुले फोहोर उठाउने क्षेत्रका घरधुरीबाट धेरै फोहोर हुनेबाट रु. ५०० र सामान्य फोहोर हुने घरधुरीबाट रु. ३०० लिई वार्षिक सम्झौता गरी फोहोर व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

लुम्बिनि बौद्ध विश्व विद्यालयको आंगिक शाखा, अनुसन्धान केन्द्र र मेडिटेसन सेन्टर स्थापना गर्न यस नगरपालिका वडा नं. ३ टटेरामा रहेको ८ विगाहा जग्गा लुम्बिनि विश्व विद्यालयलाई भोगाधिकार दिन नेपाल सरकार लाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं ३६**

नगरपरिषदको तयारीको लागि यस नगरपालिकामा कार्यरत कर्मचारीहरुले विहान र साँझ समेत काम गर्नुपर्ने भएकोले परिषद तयारीमा खट्ने कर्मचारीहरुलाई एक महिनाको तलव वरावरको रकम भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३७**

अव्यवस्थित वसोवास भएका ठाँउहरुमा व्यवस्थित वसोवास र जग्गाधनि प्रमाण पुर्जाका लागी सम्वन्धित ठाँउमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

देबदह भित्र संचालित सहकारी, गैर सरकारी संस्था, आमा समुह ,क्लबहरुले नगरपालिकामा अनिवार्य रुपले दर्ता गरेरमात्र संचालन गर्नुपर्ने र प्रत्येक आ.व. को असोज मसान्त भित्र लेखा परिक्षण गरी नविकरण गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

सडक कालोपत्रे गर्दा lab test अनिवार्य गर्नुपर्ने भएकोले लागत स्टीमेटमै lab test को लागि लागत छुट्टाउने निर्णय गरियो ।

**निर्णय नं. ४०**

वैशाख मसान्त पछि कुनै पनि योजना सम्झौता नगर्ने र आषाढ १५ सम्म फरफारक नगरेमा स्वत सम्झौता रद्ध हुने निर्णय गरियो ।

**निर्णय नं. ४१**

खैरेनी बजारको आसपासको क्षेत्रमा तरकारी तथा फलफूल बजार संचालन गर्न सार्वजनिक निजी साझेदारीमा संचालन गर्न उपयुक्त स्थान पहिचान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४२**

नगरपालिका भित्र संचालित ठेला तथा रेक्शा नगरपालिकामा दर्ता नविकरण गरी संचालन गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

नगरपालिका क्षेत्र भित्रका जग्गा प्लटिङ्ग गर्दा अनिवार्य रुपमा नगरपालिका बाट स्वीकृती लिनु पर्ने र न्युनतम २० फुट सडक, खानेपानी, ढल निकासर विधुतको व्यवस्था सहित निवेदन पेश गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

सन् २०१७ भित्र देवदह नगरपालिका लाई धुवा मुक्त नगर घोषणा गर्नका लागि जिल्ला बिकास समिति , मन्त्रालय तथा गैर सरकारी संस्था हरुमा रकम माग गर्ने निर्णय गरियो ।

निर्णय नं.४५

देवदह नगरपालिका लाई वाताबरण मैत्री बनाउन तथा विपद व्यावस्थापन गर्नका लागि सम्बन्धीत निकाय संग समन्वय र सहकार्य गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय ४६

देहायका सडकहरुको न्यूनतम Right of way क्षेत्राधिकार निम्न अनुसार तोक्ने निर्णय गरियो ।

| **क्षेत्र** | **मापदण्ड** |
|---|---|
| चक्रपथ | ४० फुट |
| खैरेनी धकधई | ६६ फुट |
| लुम्बिनी करिडोर | १०० फुट |
| खैरनी गोठादी | २० मिटर |
| अन्य सबै सडक | २० फुट (नालि बाहेक) |

निर्णय ४७

देवदह नगरपालिकाको भवन निर्माण मापडण्ड २०७२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय ४८

देवदह नगरपालिकाको पर्यटन गुरुयोजना २०७२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय ४९

आर्थिक वर्ष ०७३।०७४ देखि लघु उद्यम कार्यक्रम संचालन गर्न देवदह नगरपालिका स्वीकृत भएकोले साझेदारी कार्यक्रम संचालन गर्ने गरि रु १० लाख विनियोजन गर्ने निर्णय गरियो । साझेदारी कार्यक्रम देहायका क्षेत्रमा संचालन गर्न जिल्ला MEDPA कार्यन्वयन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल**

१. व्यावसायिक कृषि कार्यक्रम ( तरकारी , फलफुल,पशुपालन)३० लाख–देवदह १ देखी ११

२. लघु उद्यम कार्यक्रम (दुग्ध उद्योग -पेडा,दही,खुवा,गुटपाक,ध्यू,पनिर,आईसक्रिम,चकलेट, काष्ठ उद्योग,सिलाई बुनाई , बुटिक, टपरी, अचार, दालमोट, अगरवत्ती, मैनवत्ती, फाईवर झोला, गार्मेन्ट) ३० लाख–देवदह १ देखी ११

३. पर्यटन उद्यम (होम स्टे ,माछा पालन, गिफ्ट उद्यम , होटल , कुक तालिम , पर्यटन पथ प्रर्द्धशन तथा भाषा प्रशिक्षण तालिम )३० लाख को कार्यक्रम–देवदह १ देखी ११

निणर्य ५०

देवदह नगरपालिका लाई बालमैत्रि नगरपालिका घोषणा गर्नका लागि बालमैत्रि पुर्बाधार निर्माणको लागि रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ५१

देवदह नगरपालिका कार्यलयमा २०५३ साल देखि राख्न थालिएको ऐलानि जग्गामा आफै बसोवास गर्ने व्याक्तिहरुको निवेदन अनुसारको अभिलेख विवरण सरसफाई शुल्क प्रयोजनको लागि लगत संकलन विवरण मात्र रहेको हुदा उक्त विवरण केवल सरसफाई तथा विवरण संकलन प्रयोजनका लागि मात्र राखिने निर्णय गरियो ।

निर्णय ५२

देवदह नगरपालिका अर्न्तगत भएका संघ संस्थाहरुलाई वार्षिक साधारण सभा , लेखा परिक्षण र वार्षिक नविकरण हुनुपर्ने र नसक्नेलाई बजेट उपलब्ध नगराउने निर्णय गरियो ।

निर्णय ५३

गौतम बुद्धको दर्शन यसोधरा ,मायादेवि र प्रजापति गौतमी लगाएतको व्यात्तित्व लगाएतका विषय समाबेस गरी पुस्तक तयार गर्ने निर्णय गरियो ।

निर्णय ५४

आ.व.२०७३।०७४ मा स्थानिय विषय हरु समावेस भएको बौद्ध दर्शन सहितको पुस्तक प्रकासन गर्न रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ५५

राष्ट्रियता उद्यमशिलता , नैतिकता र मानव जीवनको पूर्णताको लागि देवदह नगरपालिका लाई नेपालकै पहिलो अध्यात्मिक नगर (Spritual Town) घोषणा गर्ने निर्णय गरियो । आध्यात्मिक नगर भित्र देहायका सूचकहरुलाई पूर्णता दिने तथा पालना गर्ने निर्णय गरियो ।

क) सनातन बैदिक धर्म को अध्ययन अनुसन्धान र उपयोग गर्ने ।

ख) बौद्ध दर्शनको अध्ययन र उपयोग गर्ने ।

ग) हरेक धार्मिक सम्प्रदायहरुको संरक्षण प्रर्बद्धन गर्ने ।

ग) कम्तीमा एक अनाथालय स्थापना र संचालन गर्ने ।

घ) योग , ध्यान र कुण्डलिनि जागरण कार्यक्रम संचालन गर्ने ।

ङ) कम्तीमा एक ज्येष्ठ नागरिक मिलन केन्द्र संचालन गर्ने ।

घ) न्यूनतम १ प्रकृतिक चिकित्सालय तथा आरोग्य केन्द्र स्थापना गर्ने ।

च) आदर्शात्मक परम्परागत जिवन पद्धति अवलम्बन गर्ने ।

छ) युवा बर्गमा राष्ट्रियता ,उद्यमशिलता ,नैतिकता को प्रशिक्षण दिने ।

ज) पारिवारिक तथा सामाजिक संस्कार ,अनुशासन र मर्यादा कायम गर्ने ।

झ) न्यूनतम एक ध्यान केन्द्र (meditation center) स्थापना तथा संचालन गर्ने ।

ञ) परम्परागत संस्कृतिको संरक्षण र प्रर्वदन गरिने छ ।

ट) आत्म निर्भरताको लागि एक परिवार एक व्यावसाय अवधारणा लागु गर्ने ।

ठ) ज्येष्ठताको उच्च समान गर्ने । सभा सम्मेलन र सार्वजनिक कार्यक्रममा ज्येष्ठताको कदर गरिने ।

ड) हरेक टोल टोलमा विहान योग ध्यान र साँझ साधना, भजन,लोक गायन तथा नृत्य गरी सामाजिक आनन्द आदान प्रदान गरिने छ ।

ढ) परोपकार भावनाको बिकास गर्न अरुको सुख दुखमा टेवा पुऱ्याउने भावनाको बिकास गरिने छ । आम्दानीको निश्चित अंश सेवामूलक संस्था र क्रियाकलापमा लगाउन प्रेरित गर्ने ।

ण) मठ मन्दीर ,गुम्बा ,मस्जीत हरुको स्तरोन्नती गरी मानव जिवनको बहु उद्येश्यसीय उपयोग गरिने छ ।

त) दुर्लभ मानव जिवनको उच्चतम उपयोग गर्न जिवनतत्व र ब्रह्मतत्व ज्ञान सम्वन्धी बौद्धिक तथा सन्त सम्मेलन गरिनेछ ।

थ) जिवन तत्वको अध्यान तथा अनुसन्धान गर्ने विश्व विद्यालय तथा संस्थाहरु लाई देवदह नगरपालिकामा स्थापना र संचालन गर्ने ।

द) बौद्ध दर्शन , कर्मको सिद्धान्त ,मायादेवी , यसोधरा , प्रजापति गौतमिको गुणहरुको अनुसरण गर्न पाठ्यक्रम तयार गरी लागु गर्ने ।

ध) परोपकारी संस्थाहरु विच समन्वय र सहकार्य गर्ने ।

न) न्यूनतम अपांग पुनर्स्थापना केन्द्र स्थापना गरी संचालन गर्ने ।

प) गौतम वुद्धका अष्टाङ्गिक मार्ग लाई प्रचार प्रसार र अवलम्वन गर्ने

फ) परिवारमा माता पिताको उच्च सम्मान तथा समाजमा महिलाहरुको उच्च सम्मान गरिनेछ । लैगिक हिंसा रहित नगरपालिका बनाइनेछ ।

ब) आयुर्वेद पद्धति र प्राकृतिक पद्धतिको खानपानमा जोड दिइनेछ । देवदह भित्रका समारोह कार्यक्रममा यस्ता खाद्यान्नको प्रगोग गरिनेछ ।

भ) स्वदेशी वस्तुको उपयोग लाई प्रर्वद्धन गर्ने ।

म) कम्तीमा एक पुस्तकालय स्थापना र संचालन गर्ने

य) वृद्ध तथा रोगि पशुहरुको संरक्षण गर्न कम्तीमा १ गौशाला निर्माण गर्न वा छिमेकि गौशाला संग सहकार्य गर्ने ।
र) आध्यात्मीक नगरपालिकाको प्रतिकको रुपमा एक statue निर्माण गरिनेछ ।
ल) मित्रराष्ट्रहरु मध्ये बाट एक आध्यात्मिक नगर संग भगिनी सम्बन्ध कायम गर्ने ।

निर्णय ५६

वडा नं. १० भलुही लाई रोहीणी नगर को नामाकरण गर्ने निर्णय गरियो ।

निर्णय ५७

देवदहका पर्यटकिय स्थल हरुमा स्थानिय समिति गठन गर्ने निर्णय गरियो । तपशिलका समितिहरु जिल्ला प्रशासन कार्यालयमा दर्ता हुनुपर्ने निर्णय गरियो ।

१) देवदह पर्यटन समिति

२) खयरडाडा पर्यटन समिति

३) पाकडी बृक्ष पर्यटन समिति

४) वैरीमाई कन्यामाई पर्यटन समिति

५) भवानीपुर पर्यटन समिति

६) शिसपुर होम स्टे पर्यटन समिति

७) सरनवारी होम स्टे पर्यटन समिति

८) माथागढि पर्यटन समिति

९) पेटवानीया कृषि पर्यटन समिति

१०) गोलोक मार्ग पर्यटन समिति

११) पार्क व्यावस्थापन पर्यटन समिति ।

१२) रोहीणीनगर पर्यटन समिति

निर्णय ५८

एक नगर एक महत्वपुर्ण पार्कको अवधारणा अन्तरर्गत मायादेवी पार्क देवदह ९ लाई स्तरोन्नती गरी विकास गर्ने निर्णय गरियो ।

निर्णय ५९

देवदह ३ मा रहेको शिसपुर गाउमा थारु सांस्कृतिक को रुपमा बिकास ,प्रर्वद्धन गर्दै लैजाने र माछालाई मुख्य परिकारको रुपमा राख्न माछापालनमा सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय ६०

देवदह ७ सरनबारीमा रहेको मगर साँस्कृतिक होम स्टे लाई प्रर्वन र बिकास गर्दै अर्गानिक खाना लाई मुख्य परिकारको रुपमा राख्ने निर्णय गरियो ।

निर्णय ६१

देवदह मा सुधारिएको चुलो कार्यक्रम साझेदारिमा संचालन गर्नका लागि रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ६२

सामुदायिक वनको पुजिगत आम्दानीको न्युनतम ५ प्रतिशत रकम देवदह नगरपालिका संग साझेदारी गर्नुपर्ने निर्णय गरियो ।

निर्णय ६३

चालु आ.व.०७२।०७३ मा देहायका कार्यक्रम संसोधन तथा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

क) रेडीयो देवदह ३ लाख भवन निर्माण
ख) देवदह महोत्सव ३ लाख
ग) कर्मचारी क्षमता अभिबृद्धि १ लाख
घ) सरस्वती मा.बि.रजत जयन्ती ७५ हजार मात्र
ङ) घर नं. कम्पुटराईज ७५ हजार
च) कर्मचारी पदपूर्ति २ लाख
छ) अन्तर नगरपालिका खेलकुद १ लाख
ज) नगरपालिका कार्यालय ट्रस निर्माण ७ लाख

निर्णय ६४

देवदहमा संचालित सहकारीहरु लाई व्यावसायिक कृषि क्षेत्रमा नतिजामुलक लगानी गर्नु पर्ने र एक सहकारी एक पहिचान कायम गर्ने निर्णय गरियो । नतिजामुलक सहकारी संग व्यावसायी कृषिमा सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय ६५

आ.व.०७२।०७३ को कन्टिनजेन्सी बाट तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

तपशिल

१. कर्मचारी क्षमता विकास कार्यक्रम रु. १ लाख ५० हजार
२. कम्प्युटर तथा मेशिनरी औजार खरिद रु. ४ लाख
३. योजनाहरुको सार्वजनिक परीक्षण रु. १ लाख
४. योजना अनुगमन मूल्यांकन रु. १ लाख
५. प्राविधिक उपकरण खरिद रु. १ लाख
६. कार्यालयको लागि फर्निचर खरिद रु. १ लाख
७. टोल सुधार समिति तथा अनुगमन रु. १ लाख ५० हजार ८ सय २०

निर्णय ६६

देवदह नगरपालिकामा ६७ प्रतिशत क्षेत्र वन भएको र २६ सामुदायिक वन क्रियाशिल भएको पर्याप्त सिमसार क्षेत्र भएकोले हरित नगरपालिका घोषणा गर्न सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय ६७

देवदह नगरपालिकालाई आध्यात्मिक नगरपालिका स्वीकृत गर्न नेपाल सरकार संग सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ६८

वाल मैत्री स्थानीय शासन अवलम्वन गर्न आवश्यक पूर्वाधार तयार गर्न नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६९

नगरपालिका कार्यालयबाट विभिन्न विषयमा नगरपालिका क्षेत्र भित्र फिल्ड सर्जिमिनमा जाँदा सम्बन्धीत सेवाग्राहीले रु. ५००/- राजस्व बझाउनु पर्नेछ र सो कार्यको लागि खटिएको कर्मचारीलाई यातायात खर्च बापत रु. २००/- कार्यालयले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७०

यस आ.व.सम्म देवदह न.पा.भित्र ९९ वटा टोल बिकास संस्था गठन भएको र उक्त टोल संस्थाहरुको एल.जि.सि.डि.पि.कार्यक्रम मार्फत क्षमता बिकास गरि न.पा.ले सामुदायिक साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं ७१

देबदह न.पा. को वडा नं ६ सिसौघारीमा पशु अस्पत्ताल निर्माण गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ७२

देबदहमा अत्यधिक मात्रामा आलु उत्पादन हुने हुनाले एक सुबिधा सम्पन्न स्टोर आवश्यक भएकोले देबदह न.पा.को वडा नं १ मा कोल्ड स्टोर स्थापना गर्न सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ७३ ,

यस देवदह नगरपालिकामा सामाजिक परिचालक पदमा कार्यरत गिता शार्मा र दिपेश बस्याललाई प्रोत्साहन स्वरुप मासिक रु ३५००। र राष्टिय स्वयम सेवक बिकास संस्था बाट यस नगरपालिकामा खटिएका टिकाराम बस्याललाई प्रोत्साहन स्वरुप मासिक रु ४०००। उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७४ ,

यस नगरपालिकाको कर्मचारी कल्याण कोषमा आ.व.०७३।०७४ मा न.पा. कोष बाट रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ७५ ,

यस नगरपालिका मा लामो समय देखि कार्यरत करार कर्मचारीहरुले जिवनको महत्वपुर्ण समय योगदान गरेकोले सामान्य प्रकृया बाट स्थायी गर्नको लागि नेपाल सरकार संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ७६,

यस देवदह नगरपालिकामा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन समितिद्धारा निर्मित कार्ययोजनालाई सम्बन्धीत संघ संस्थाहरुको सहकार्यमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ७७, आ.व. ०७२।०७३ को नगरपरिषदको विशेष निर्णय अनुसार गठित पर्यटन पवर्द्धन तथा विकास समितिको गठन कार्यविधि तथा काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने निर्णय गरियो ।

क) समितिको गठन प्रकृया :

१.समितिको गठन देवदह न.पा.को नगरपरिषद द्बारा हुनेछ ।

२. समितिको अध्यक्षता नगरपालिकाको सभापतिद्बारा हुनेछ ।

३. समितिमा पर्यटन क्षेत्रमा कार्य अनुभव भएका राजनैतिक ,बुद्धिजीवि ,तथा विषेशज्ञ नगर भित्रका व्यात्तिहरु मध्यबाट नगर परिषदले मनोनयन गरेको  बढिमा ६ जना व्यात्तिहरु हुनेछ ।

४.नगरपालिकाको कार्यकारी अधिकृत सदस्य सचिव हुनेछ ।

५.माथि उल्लेखित समितिको कार्य अवधि गठन भएको मितिले ४ वर्षको हुनेछ ।

६. कुनै कारणले पद रिक्त हुन गएमा नगर परिषदलेनै मनोनयन गर्न सक्नेछ ।

ख) पर्यटन समितिको कार्य विवरण :

१) पर्यटनको दिगो बिकासको आधारसिला तयार गर्ने ।

२) देवदह नगरपालिकाको समग्र पर्यटन गुरुयोजना निर्माण तथा परिमार्जन गर्ने

३) देवदह क्षेत्रको पुरातात्वीक ,आध्यात्मिक ,प्रकृतिक ,मठ मन्दिर ,कला संस्कृति तथा मानव निर्मित प्राकृतिक सम्पदाहरुको संरक्षण र सम्बृद्धन गर्ने

४) देवदह क्षेत्रको धार्मिक पर्यटन,प्रकृतिक पर्यटन , कृषि पर्यटन , सास्कृतिक पर्यटन , आध्यात्मीक पर्यटन ,खेलकुद पर्यटन , मेला महोत्सव पर्यटन जस्ता पर्यटन क्षेत्र हरुको सम्भावना अध्यान र एकिनगरि नगरपालिकामा पेश गर्ने

५) पर्यटन संग सम्बन्धीत सार्वजनिक ,निजि तथा गैर सरकारी र दातृ सस्था हरु संग समन्वय गर्ने

६) पर्यटन मार्फत नगरपालिकाको आय आर्जन र प्रतिष्ठा बढाउने खालका कृयाकलाप संचालन गर्ने ।

७)पर्यटकिय विकास गर्नु तुलनात्मक लाभका क्षेत्र र सम्भावनाहरुको अध्यान अनुसन्धान गर्ने ।

८) पर्यटकिय कृयाकलाप संचालन गर्ने संध सस्थाहरु संग संगिनि सम्बन्ध स्थापना गर्ने ।

९) पर्यटकिय क्षेत्रमा सहयोग गर्ने व्याक्तिहरुलाई सम्मान गर्न सिफारिस गर्ने ।

ग) समितिको कर्तव्य, उत्तरदायित्व :

१.यस समिति देवदह नगरपालिकाको पर्यटन विकासका लागि सम्मानित संस्था हुनेछ ।

२.यस समितिले पर्यटन संग सम्बन्धीत स्थानहरुका अन्य समितिहरु संग समन्वय गरी कार्य गर्नेछ ।

३) यस समितिले स्थानिय समितिलाई अनुगमन तथा निर्देशन दिने कार्य गर्न सक्नेछ ।

४) समितिले गरेको कामको प्रगति प्रतिवेदन न.पा.कार्यालयमा पेश गर्नेछ ।